"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ"

टोल फि नं. १६६००१०००३२
फोन नं. ०१-४३७२७२५

बुढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हातीगौडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

सूचना: ३५

सेवा प्रवाह बन्द सम्बन्धी सूचना !!!

बुढानीलकण्ठ नगरपालिका वडा नं. ३ स्थित प्रसिद्ध धार्मिक एवं सांस्कृतिक स्थल बुढानीलकण्ठ मन्दिरमा मिति २०८३ साल मंसिर ४ गतेदेखि ८ गतेसम्म सञ्चालन हुने **हरिबोधिनी एकादशी मेला**को अवसरमा यस नगरपालिकाको मिति २०८३।०७।१० गते बसेको ९६ औँ कार्यपालिका बैठकको निर्णय बमोजिम मिति **२०८३ साल मंसिर ४ गते शुक्रबार** नगरपालिका र अन्तर्गतका कार्यालयहरूमा अत्यावश्यक बाहेकका अन्य सेवाहरू बन्द रहने बेहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ । यसबाट सेवाग्राहीमा पर्न जाने असुविधाप्रति नगरपालिका क्षमाप्रार्थी छ ।

साथै, यस धार्मिक एवं सांस्कृतिक पर्वको गरिमा र महत्वलाई आत्मसात् गर्दै हरिबोधिनी एकादशी मेलालाई सभ्य, भव्य, व्यवस्थित एवं मर्यादित रूपमा सफल बनाउन नगरपालिकाका सम्पूर्ण नगरवासी, संघसंस्था, सामाजिक अभियन्ता तथा सरोकारवाला सबैमा उत्साहजनक सहभागिताका लागि हार्दिक अनुरोध छ ।

मितिः २०८३ साल मंसिर २ गते बुधबार ।

अजय बर्तौला
प्रमुख प्रशासकीय अधिकृत